नेपाल इन्स्योरेन्स

72 Years of Excellence

**Nepal Insurance Company Ltd.**
Ameer Bhawan 1st Floor Ganeshsthan, Kamaladi, Kathmandu, Nepal
Tel: 4221353, 4228690, 4245565, Fax: 977-1-4225446 GPO Box: 3623
Email: nic@nepalinsurance.com.np, Website: nepalinsurance.com.np

नेपालको पहिलो **बीमा कम्पनी**

# शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७६/०२/०५**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७६/०२/१९**

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको हकप्रद शेयर मिति २०७५/११/२१ गतेका दिनदेखि २०७५/१२/२५ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा **संस्थापक समूहतर्फ २,५११.७३ कित्ता** र **सर्वसाधारण समूहतर्फ १,४४,५९१.३५ कित्ता** शेयरको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न यस कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न ईच्छुक जो कोही व्यक्ति, संस्था वा कम्पनीले मिति २०७६/०२/१९ गतेभित्र तल उल्लेखित संकलन केन्द्रहरुमा आईपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौ । |
| २. | श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरू क्रमशः (१) बिर्तामोड (२) जनकपुर (३) विराटनगर (४) हेटौंडा (५) नारायणगढ (६) पोखरा (७) बुटवल-मिलनचोक (८) वीरगंज (९) बाग्लुङ (१०) दाङ (घोराही) (११) नेपालगंज-त्रिभुवन चोक (१२) सुर्खेत (१३) धनगढी र (१४) महेन्द्रनगर । |

**तपसिल**

**संस्थापक समूहको बिक्री गर्नुपर्ने शेयर : २,५११.७३ कित्ता**
**सर्वसाधारण समूहको बिक्री गर्नुपर्ने शेयर : १,४४,५९१.३५ कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ । साथै ग्लोबल आइएमई बैंकका शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले सम्बन्धित बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँटमा समावेश गरिने छैन ।
२. शेयरको न्युनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुंदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एक व्यक्ति वा कम्पनीले एउटै मात्र बोलपत्र पेश गर्नुपर्नेछ । यदि एक व्यक्तिले एकभन्दा बढि बोलपत्र आवेदन पेश गरेमा सम्पुर्ण आवेदन रद्ध गरिनेछ । साथै, बोलपत्र फाराम शिलबन्दी गरिएको हुनुपर्नेछ ।
३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । साथै, आवेदन गर्ने कित्ता पूर्ण कित्तामा हुनुपर्नेछ ।
४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनुपर्नेछ भने अधिकतम शेयर संख्याको लागी कुनै हद लाग्ने छैन तर बीमा समितिले तोकेको प्रति व्यक्ति सीमाको अधिनमा रहने गरी आवेदन दिनुपर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन । रु. १० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।
६ शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम ग्लोबल आइएमई क्यापीटलको नाममा ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौमा रहेको खाता नं. ०१०१०१०००७६२९ र कुमारी बैंक लिमिटेड, दरवारमार्ग शाखामा रहेको खाता नं. ००१००१७१४६००००२१ मा जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको Cheque मात्र संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै Good For Payment गर्दा लाग्ने शुल्क तथा रु. २ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।
७. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनुपर्नेछ । आवेदक संगठित संस्था, फर्म, वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, प्यान नं. तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
८. संस्थापक समूहको हकमा शेयर खरिदका लागि आवेदन दिंदा आवेदनको साथमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कालोसूचिमा नरहेको प्रमाणित प्रति र आम्दानीको श्रोत तथा संस्थाले आवेदन दिने हकमा आवेदनको साथमा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, PAN नं. र शेयर खरिद गर्ने सम्बन्धी माइन्यूट संलग्न गर्नु पर्नेछ ।
९. शिलबन्दी खाम बाहिर सर्वसाधारण तर्फको शेयरको लागि आवेदन गर्दा "**नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको सर्वसाधारण शेयर खरीद आवेदन**", तथा संस्थापक तर्फको शेयरको लागि आवेदन गर्दा "**नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ ।
१०. बोलपत्र आवेदन मिति २०७६/०२/१९ गते अपरान्ह ३:०० बजेभित्र यस निष्कासनका लागि तोकिएको संकलन केन्द्रहरुमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।
११. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।
१२. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।
१३. काबु बाहिरको परिस्थिति पर्न गई बिक्री प्रवन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्यहोरा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई निर्देशन बमोजिम गरिनेछ । साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बोलपत्र फारम पठाउन नसकिने भएमा नेपाल धितोपत्र बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ ।
१४. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नेपाल धितोपत्र बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ ।
१५. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँट गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँट गरिने छ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँट हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँट गरिनेछ । यसरी समानुपातिक रुपमा बाँडफाँट गर्दा समेत केही शेयर बाँकी रहन गएमा निष्काशन कम्पनीको सञ्चालक समितिको निर्णयानुसार हुनेछ ।
१६. माथि बुंदा नं. १५ बमोजिम बाँडफाँटमा परेका बोलपत्रदाताहरु मध्ये शेयर बाँडफाँट गर्न नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरुको विवरण सो निकायमा पेश गर्दा कथंकदाचित नियमनकारी निकायबाट स्वीकृति प्राप्त नभएमा वा माग गरेको रकम मध्ये आंशिक रकमको लागि मात्र स्वीकृति प्राप्त भएमा सोही अनुसार बाँडफाँट गरिनेछ । यसरी गरिएको बाँडफाँट बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ ।
१७. माथि बुंदा नं. १६ बमोजिम नियमनकारी निकायको स्वीकृति बमोजिम शेयर बाँडफाँट गर्दा शेयर बाँकी रहन गएमा बाँडफाँटमा नपरेका रितपूर्वकको आवेदन पेश गर्ने बोलपत्रदाताहरुमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरुलाई क्रमशः बाँकी रहेको शेयर बाँडफाँट गर्न नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने भएमा बोलपत्रदाताहरुको विवरण सो निकायमा पेश गरी सोही निकायको स्वीकृति अनुसार माग गरे बमोजिम वा सो को आंशिक संख्यामा शेयर बाँडफाँट गरिनेछ ।
१८. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँटमा नपरेका आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम आवेदकले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
१९. यस सूचना बमोजिम बिक्री गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँट गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।
२०. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँट गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँट सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस कम्पनीको सञ्चालक समितिमा रहनेछ ।
२१. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रवन्धकको Website: globalimecapital.com मा हेर्न सक्नुहुने छ ।

**बिक्री प्रबन्धकः**

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com